बैठक संख्या:१०

आज मिति २०७५।०२।०९ गते बुधवारका दिन विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुबेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुबेदी | सदस्य | उपस्थित |
| ६ | श्री रामकुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदयबहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपतिगौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगाबहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामायाथापा | सदस्य | उपस्थित |
| १५ | श्री गिताशिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकलागुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनीताचौधरी | सदस्य | अनुउपस्थित |
| १८ | श्री सुजान राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गितागिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथधिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धनबहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाददाहाल | सचिव | उपस्थित |
| | **अन्यकर्मचारीहरु** | | |
| १ | महेन्द्र खड्का | शाखाअधिकृत (सातौं) | उपस्थित |
| २ | टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| ३ | झमक भट्राई | कार्यक्रम अधिकृत | उपस्थित |
| ४ | दिनेश खड्का | कार्यक्रम संयोजक | उपस्थित |
| ५ | बलराम गौतम | लेखापाल | उपस्थित |

**प्रस्तावहरु**

१. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मागर्दशन, २०७५
२. आयोजना प्राथमिकिरणका आधार र प्राथमिकता निर्धारण फारम
३. वडागत बजेट वितरणका सूचक
४. चालु आ.व.को आय तथा आगामी आ.व.को आय अनुमान
५. विविध

**निर्णयहरु**

**निर्णय नं. १:**
आगामी आर्थिक वर्ष २०७५/०७६ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५ माथि छलफल गरी स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

## बार्षिक बजेट तथा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५

### १. वार्षिक योजना तथा बजेट तर्जुमाका प्राथमिकताहरु

**(स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४(३) बमोजिम योजना तर्जुमा गर्ने प्राथमिकताका क्षेत्रहरु तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) दफा ३ अनुसार बार्षिक योजना तथा बजेटका प्राथमिकताहरु)**

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीयश्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने ।

### २. नगरको प्राथमिकताका क्षेत्रहरु

१. आर्थिक विकास र गरिबी न्यूनिकरण (कृषि, पशु,आयआर्जन, सिप विकास, स्वरोजगार श्रृजना, व्यवसायिक उद्यम,)
२. पूर्वाधार विकास (सडक, पुलकर्ल्भट, सिचाई, नदि नियन्त्रण)
३. शिक्षा तथा स्वास्थ्य

४. पर्यटन प्रबर्द्धन तथा सिमसार व्यवस्थापन
५. बालमैत्री सुशासन तथा लैङ्गिक सहभागिता
६. जैवीक विविधताको संरक्षण, वातावरण तथा फोहर व्यवस्थापन
७. सामुदायिक विकास अभियान तथा सामाजिक परिचालन
८. बिपद् ब्यवस्थापन र बिपद् निरोधात्मक कार्यक्रमहरु

**३. वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु**

**(स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) दफा ४)**

(क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकूल हुने,

(ख) आवधिक विकास योजना र मध्यकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

(ग) वातावरण संरक्षण, जलवायू परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन,

(घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अर्न्तसम्बन्धित विषयहरु,

(ङ) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

(च) अर्न्तस्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

(छ) विषयक्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

**४. नगर तथा वडास्तरिय योजनाको वर्गीकरण र मापदण्डहरु**

- *वडास्तरीय योजना भन्नाले वडाभित्रका एक वस्ती र अर्को वस्ती/टोललाई प्रत्यक्ष फाइदा पुग्ने खालका पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरु बुझाउँछ ।*
- *नगरस्तरिय योजना भन्नाले नगरभित्रका एक वा सो भन्दा बढी वडाहरुलाई फाइदा पुग्ने पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमलाई बुझाउछ ।*
- लागत साझेदारी :कालेपत्रे तथा ढल निकासको हकमा कुल लागतको (नगरपालिका साझेदारी र उपभोक्ता लागत सहभागिताको रकम समेत) लाइ कुल योजनाको लागत मानि सडक ग्राभेलमा २० प्रतिशत , ढल निकासमा ३० प्रतिशत र कोलोपत्रेमा न्युनतम लागत सहभागिता ४०प्रतिशत हुनेछ । यस्तो सहभागिता नगदै नगरपालिकाको संचित कोषमा अनिवार्य जम्मा गर्नु पर्नेछ ।
- लागत सहभागिता जुटाउन नसक्ने पूर्वाधार विकासका योजनाहरुमा ग्राभेल तथा माटोको कामको हकमा कुल लागतको न्यूनतम २० प्रतिशत र संरचना निर्माणको हकमा न्युनतम १० % जनसहभागिता अनिवार्य जुटाउनु पर्नेछ । पूल, कर्ल्भट, भवन र सिचाईको बाँध निर्माण जस्तो संरचनाको काममा कम्तिमा १० प्रतिशत जनश्रमदान हुन पर्नेछ ।
- विद्युत पोल, विद्युततार तथा होमपाइप खरिदमा लागत सहभागीता आवश्यक हुनेछैन ।
- कुनै सार्वजानिक ऐलानी पर्ती वा सरकारी विद्यालय क्षेत्रले चर्चेको वस्ती नभएको स्थानमा ढल निकास र सडक जस्ता योजना स्वीकृत भई संचालन गर्नु पर्ने हकमा लागत सहभागिता जुटाउनु नपर्ने ।

- वडास्तरीय बजेट सिलीङ्गबाट योजना छनौट गर्दा कम्तिमा १ वटा योजना रु. २५ लाखको हुनु पर्नेछ(योजना टुक्राउन र बिभिन्न योजना जोडेर पच्चिस लाखको बनाउन पाईने छैन )
- वडास्तरीय बजेट सिलीङ्गबाट संचालन गरिने योजनाहरु भौतिक पुर्वाधार तर्फ कम्तिमा ५ लाख भन्दा बढीका योजना छनौट गर्नु पर्नेछ ।
- अधुरो क्रमागत रहेका योजनाहरुलाई आगामि आ.ब.को बजेट तयार गर्दा सबै योजना सम्पन्न गर्ने निती लिईनेछ यस क्रममा आर्थिक बर्ष २०७३।०७४ अगाडि संचालन भइ अधुरो रहन पुगेका योजनालाई बिषेश प्राथमिकता दिनु पर्नेछ । यस प्रयोजनका लागि आवश्यकता अनुसारको बजेट विनियोजन गर्नेसकिने छ । साथै उक्त योजनामा बजेट बिनियोजन गर्दा रु. ५ लाखको हद लागु हुनेछैन ।
- वडास्तरका स-साना योजना र मर्मत सम्भारका योजनाहरुको लागि अधिकतम १० लाख सम्म बजेट बिनियोजन गर्न सकिने ।
- विजुली वा सोलार सडक वत्ति जस्ता प्राविधिकि जटिलता हुने योजनाहरुको लागि उपभोक्ता समिति मार्फत नगर्ने ।
- नगरस्तरीय योजनाहरु वडाबाट बढीमा ३ वटा योजनामात्र प्राथमिकताको आधारमा सिफारिस गर्न सकिनेछ ।
- ○ दिगो विकासको अवधारणा र स्थानीय स्तरमा नागरिकहरुलाई विकास प्रति अपनत्व गराउने अभिप्रायले नगरस्तरमा अधिकतम लागत सहभागितामा संचालन गर्न बजेट विनियोजन गरिनेछ ।

**५. स्थानीय सरकार संचालन ऐन २०७४ (परिच्छेद ६ को दफा ४ देखि ६ सम्म) योजना तर्जुमा सम्बन्धी भएको व्यवस्था ।**

(क) गाउँपालिका वा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दिर्घकालिन प्रकृतिका योजनाको सूचि समेत तयार गर्नु पर्नेछ ।

(ख) गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, यूवा, अल्पसख्यक, आपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नु पर्नेछ ।

(ग) योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वाअनुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालीका र अनुगमन तथा मूल्याकंन योजना समेत तयार गर्नु पर्नेछ ।

(घ) वडा समितिले प्राप्त आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल वा वस्तीस्तरबाट प्राप्त कार्यक्रमहरुलाई निम्नानुसारका विषयगत समिति अनुसार छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउनु पर्नेछ ।

**६. दिग्दर्शनको दफा ५.३ अनुसार बस्तीस्तरको योजना छनौट गर्दा ध्यान दिनु पर्ने विषयहरु**

१. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्दछ ।

२. प्रत्येक वडाले वडाभित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि वैठक हुने दिन, मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजानिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

३. वस्तीतहका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडत वर्ग, पिछडावर्ग, अल्पसख्यक, सिमान्तकृत, यूवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति आदी) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ ।

४. टोल/वस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल/वस्ती भित्रका क्रियाशिल सामुदायिक संस्था, टोल विकास संस्था, आमा समुह, बालकल्व, बाल सञ्जाल, युवा कल्व, कृषक समुह लगायत सेवा केन्द्रलाई सहभागि गराउनु पर्दछ ।

माथि उल्लेखित सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा समितिका सदस्यको संयोजकत्वमा निर्धारित समय, मिति र स्थानमा उपस्थिति भई योजना छनौट सम्बन्धमा व्यापक अर्न्तक्रिया, छलफल, गरि योजनाहरुको छनौट गर्ने । यसरी छनौट भएको योजनाहरुको सूचि संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्दछ ।

७. वडा समितिले वस्ती/टोलस्तरबाट प्राप्त योजनाहरु विषयगत समिति अनुसार दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुसूचि ३ को आधारमा योजनाहरुको प्राथमिकिकरण गर्नु पर्नेछ । यसरी प्राथमिकिकरण गरेका योजनाहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त भएको पहिलो अनि क्रमैसँग दोश्रो, तेश्रो क्रम मिलाई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा फारममा भरी वडा समितिको निर्णय सहित नगरपालिकामा पठाउनु पर्नेछ ।

८. वडालाई प्राप्त बजेट सिलीङ्ग मध्ये७ लाख रुपैया प्रशासिनिक खर्चमा राखी बाकी रहेको बजेटलाई शतप्रतिशत मानी पूर्वाधार विकासमा७० प्रतिशत र सामाजिक विकासका क्षेत्रमा ३० प्रतिशत अनिवार्य छुट्याउनु पर्नेछ । सामाजिक क्षेत्रको ३० प्रतिशतलाई विषयगत समिति अनुसार आर्थिक, सामाजिक, सार्वजानिक सेवा तथा क्षमता विकास, वातावरण तथा विपद् व्यवस्थापन तर्फ समानुपातिक रुपमा विनियोजन गर्नु पर्नेछ

**निर्णय नं. २**:वस्ती तथा वडास्तरबाट छनौट गरिने योजनाहरुको लागि तपशिलको आयोजना प्राथमिकिकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फारम स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

## अनुसूची ३

### (दिग्दर्शनको दफा ५.२.४ संग सम्वन्धित)

### आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने -१० अंक

(ग) तटस्थ-५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने-१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने-१० अंक

(ग) अन्य-५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-७.५ अंक

(ग) तटस्थ-०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने-१५ अंक

(ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने-१० अंक

(ग) २०५ सम्म लागत सहभागिता हुने-५ अंक

(घ) लागत सहभागिता नहुने-०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने-१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमाउपलव्ध हुने - ७.५ अंक

(ग) अन्य -५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-३ अंक

(ग) तटस्थ-०

बेलबारी नगरपालिका

नगर कार्यपालिकाकोकार्यालय

वस्तीस्तरको आयोजनावा कार्यक्रमको प्राथमिकता निर्धारण फारम(आ.व. २०७५/०७६)

वडा नं..........                                                  विषयगत समितिको नामः........................................................................................

| क्र.सं | आयोजनाको नाम | १.गरिबी निवारणमाप्रत्यक्ष योगदान पुग्ने (२० अंक) | २. उत्पादनमूलकतथानिटोप्र नतपरप्राप्तगर्ने सकिने (१५अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५ अंक) | ४. सलागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीयश्रोतसाधन रसीपकोप्रयोग(१०अंक) | ६. सभावेशीविकाससमा योगनदान दिने (१०अंक) | दीगो विकास रवातावरण संरक्षण(१० अंक) | ८. स्थानीय भाषिक, साँस्कृतिकविकास (५अंक) | कुल प्राप्त अंक (१०० अंक) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटःअक्षर र अंकटाइप गर्दा यूनिकोड कालीमाटी फन्ट अनिवार्य रुपमा प्रयोग गर्ने साथै आयोजनाहरुकोप्राथमिकताक्रम निर्धारण गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने आयोजना वाकार्यक्रमलाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्दछ ।

**निर्णय नं. ३:**वडागत रुपमा बजेट सिलिङ्गको वितरणको लागि तपशिल बमोजिमको सूचकको आधारमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

बेलबारी नगरपालिका

## वडागत बजेट वितरणसूचकांक

| नयाँ वडा | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | वडागत राजस्व | लागत सहभागिता | जनसंख्या (अंक ३०) | | | क्षेत्रफलवर्ग कि.मी. (अंक ३०) | | | मानवविकास अवस्था (अंक १०) | | | पूर्वाधारविकासको अवस्था (अंक १०) | | | राजस्वपरिचालन (अंक १०) | | | लागतसहभागिता (अंक १०) | | | प्राप्तअंक | प्राप्तप्रतिशत | वडागतबजेट वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३ देखि ५ हजारसम्म(अंक२०) | ५हजार माथि ७ हजारसम्म (अंक २५) | ७हजार भन्दा माथि (अंक ३०) | ५देखि १२ व.कि.मी. (अंक २० ) | १२ देखि माथि २१ व.कि.मी.(अंक २५) | २१व.कि.मी. देखि माथि (अंक ३०) | राम्रो (अंक ६) | समान्य (अंक ८) | न्यून (अंक १०) | राम्रो (अंक ६) | सामान्य (अंक ८) | न्यून (अंक १०) | १८लाख माथि (अंक १०) | १२ देखि १८ लाख सम्म(अंक ८) | ६देखि १२ लाखसम्म (अंक ६) | २८लाख माथि(अंक १०) | १५देखि २८ लाख (अंक ८) | १५लाख सम्म(अंक ६) | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**निर्णय नं.४:** राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भएनुसार चालु आ.व.को यर्थाथ तथा आगामी आ.व.२०७५/०७६ को अनुमानित आय तपशिल बमोजिम हुने गरी स्वीकृतिको लागि सभामा समक्ष पेश गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष २०७४/२०७५ को यर्थाथ तथा २०७५/२०७६ को प्रस्तावित आय**

| राजस्व संकेत | आय शिर्षक | आ.व. २०७४/७५ प्रस्तावित आय रु. | आ.व. २०७४/७५ चैत्र मसान्तको यर्थाथ आय रु. | आ.व. २०७५/७६ को अनुमानित आय रु. | कैफियत |
|---|---|---|---|---|---|
| ४ | **क. आन्तरिक स्रोत** | | | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | ४१७००००.०० | ३०९०४१७.७५ | ६००००००.०० | |
| ११३१४ | भुमीकर/मालपोत | २८०००००.०० | ८४४४६९.७५ | ७०००००.०० | |
| ११३२१ | घर बहाल कर | ८०००००.०० | ६१८६६.०० | ९०००००.०० | |
| ११३२२ | बहाल विटौरी कर(हाट बजार सबै) | ६३०००००.०० | ४०७६४५०.०० | ७००००००.०० | |
| ११४५१ | सवारी साधन कर (पटके सहित) | १९२१११.०० | ५०५३०.०० | ८०००००.०० | |
| ११४७२ | विज्ञापन कर | १५००००.०० | ०.०० | १५००००.०० | |
| ११४७३ | अन्य मनोरञ्जन कर | १०००००.०० | ०.०० | १५००००.०० | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५०००००.०० | ७९३०८३.०० | २००००००.०० | |
| १४२१२ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १०००००.०० | ४२५.०० | ५००००.०० | |
| १४२१८ | विद्युत सेवा शुल्क | ५५००००.०० | १७५०२०.०० | २०००००.०० | |
| १४२१९ | अन्य सेवा शुल्क | ८०००००.०० | १९२२४१.०० | ३०००००.०० | |
| १४२२१ | न्यायिक दस्तुर | १०००००.०० | ८६४८४.०० | २०००००.०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३३००००.०० | ११९६४२.०० | ५०००००.०० | |
| १४२४२ | नक्शा पास दस्तुर | ४०५०००००.०० | १२०९८०१.५६ | २००००००.०० | |
| १४२४३ | सिफारिस दस्तुर | ६०५७०००.०० | २७४८८२६.०० | ७००००००.०० | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३५००००.०० | ७०३००.०० | ५०००००.०० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३५००००.०० | २७७३७४.०० | ५०००००.०० | |
| १४२४९ | अन्य दस्तुर | १०५९०००.०० | ८९०९७२.५० | १२०००००.०० | |
| १४५२९ | अन्य राजस्व | ७५००००.०० | ८५६५२२.३२ | १००००००.०० | |
| ३२१२१ | गत बर्षको मौज्दात | २२०९१८४४.०० | २१४०४८०८.५३ | ५००००००.०० | |
| | **स्रोत परिचालन** | | | | |
| | स्रोत उपयोग कर बाडफाँड (ढंगागिटी, जडिबुटि,कृषिजन्य) | ३००००००.०० | ०.०० | ७००००००.०० | |
| | घरजग्गा रजिष्ट्रशन कर | ४४०००००.०० | ०.०० | २००००००.०० | |
| | वन क्षेत्रको आय | १०००००.०० | ०.०० | ०.०० | |
| | पर्यटिकय सेवा शुल्क | ५१०००००.०० | ०.०० | १००००००.०० | |
| | **आन्तरिक स्रोतको जम्मा** | **६५१९९९५५.००** | **३६९४९२३३.४१** | **४६१५००००.००** | ५६.६७ |
| | **ख. बाह्य स्रोत** | | | | |
| १३३१२ | नेपाल सरकार शशर्त अनुदान | १५६१०२९६२.६० | १५३३६५०००.०० | १५६१०००००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३११ | नेपाल सरकार बित्तिय समानिककरण अनुदान | २८५१०८०००.०० | २८५१०८०००.०० | १६९५५३०००.०० | |
| | नेपाल सरकार राजस्व बाडफाँड | ०.०० | ०.०० | १०४३६४०००.०० | |
| | सामाजिक सुरक्षा | १२०४५६०००.०० | ७५५०००००.०० | १२०५०००००.०० | |
| | एलजिसिडिपी | १३६५०००.०० | ६०४०००.०० | ०.०० | |
| १३३१२ | सडक बोर्ड नेपाल | ५७०००००.०० | २९०००००.०० | ४००००००.०० | |
| | लागत सहभागिता | १००००००००.०० | २१९०००००.०० | २००००००००.०० | |
| | ऋण तथा अनुदान | ०.०० | ०.०० | १०००००००००.०० | |
| | बाह्य स्रोत मौज्दात | १६५५०३११.३३ | १६५५०३११.३३ | २००००००००.०० | |
| | **बाहय स्रोतको जम्मा** | **५९५२८२२७३.९३** | **५५५९२७३११.३३** | **६९४५१७०००.००** | |
| | **कुल जम्मा** | **६६०४८२२२८.९३** | **५९२८७६५४४.७४** | **७४०६६७०००.००** | ८९.७६ |

**निर्णय नं. ५:**आगामी आ.व. २०७५/०७६ को बार्षिक बजेट तथा योजना तर्जुमा गर्नको लागि कुल विकास बजेट मध्ये रु. १० करोड बराबरको बजेट सिलिङ्ग दिने र सो सिलिङ्ग वडागत बजेट वितरण सूचकका आधारमा तपशिल बमोजिमको वडागत बजेट सिलीङ्ग विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | बजेट रु. हजारमा |
|---|---|
| १ | ९२०० |
| २ | ८२०० |
| ३ | ८८०० |
| ४ | १०५०० |
| ५ | ९२०० |
| ६ | ८१०० |
| ७ | ९२०० |
| ८ | १०००० |
| ९ | ९५०० |
| १० | ८६०० |
| ११ | ८२०० |
| **जम्मा** | ९९५०० |

**निर्णय नं. ६:**वडालाई प्राप्त बजेट सिलीङ्ग मध्ये ७ लाख रुपैया प्रशासनिक खर्चमा राखी बाकी रहेको बजेटलाई शतप्रतिशत मानी पूर्वाधार ७० प्रतिशत र सामाजिक क्षेत्रमा ३० प्रतिशत छुट्याउनु पर्नेछ । यसरी छुट्याएको

३० प्रतिशतलाई विषयगत समिति अनुसार आर्थिक, सामाजिक, सार्वजानिक सेवा तथा क्षमता विकास, वातावरण तथा विपद् व्यवस्थापन तर्फ समानुपातिक रुपमा विनियोजन गर्नु पर्नेछ ।

**विविध**

**निर्णय नं. ७:**आगामी आ.व.०७५/०७६ को लागि आन्तरिक आय अर्न्तगत साप्ताहिक हाट, पटके सवारी कर, पशु हाट बजार, स्थानीय तह निकासी शुल्क आदिको ठेक्का बन्दोबस्त २०७५।०४।१ देखि नै गर्नु पर्ने तर नगरसभा सम्पन्न गरी व्यवस्थापन गर्न ढिलाई हुने हुदाँ आगामी आ.व.को लागि आन्तरिक आय तर्फको ठेक्का बन्दोबस्त सभाबाट अनुमोदन हुनेगरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** नगरका विभिन वडाहरुबाट सिफारिस भई आइएका तपशिल बमोजिमका टोल विकास संस्थाहरु दर्ता गरी प्रमाण पत्र दिने निर्णय गरियो ।

## वडा नं – १

| **क.सं.** | **दर्ता मिति** | **दर्ता नं** | **टोल विकास संस्थाको नाम** | **सम्पर्क नं** |
|---|---|---|---|---|
| १ | २०७५।०२।०३ | २० | गुम्बा टोल विकास संस्था | ९८४२१८०२४५ (अध्यक्ष) |
| २ | २०७५।०२।०७ | २४ | समावेशी एकता टोल विकास संस्था | ९८०८५९६४९६ (सचिव) |
| | | | | |

## वडा नं – २

| क.सं. | दर्ता मिति | दर्ता नं | टोल विकास संस्थाको नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | २०७५।०२।०१ | १६ | लक्ष्मी टोल विकास संस्था | ९८४२०९८५३४(अध्यक्ष) |
| २ | २०७५।०२।०२ | १७ | श्री शान्ती टोल विकास संस्था | ९८४२१४०४२२(अध्यक्ष) |
| ३ | २०७५।०२।०३ | १९ | गौतम टोल विकास संस्था | ९८४२२२३९०२(अध्यक्ष) |
| ४ | २०७५।०२।०६ | २१ | लालभित्ति टोल विकास संस्था | ९८११०२७२१७ (अध्यक्ष) |
| ५ | २०७५।०२।०६ | २२ | आदर्श टोल विकास संस्था | ९८५२०५५९८६(अध्यक्ष) |
| ६ | २०७६।०२।०६ | २३ | रमिते टोल विकास संस्था | |
| ७ | २०७५।०२।०९ | २९ | सद्भाव टोल विकास संसथा | ९८१९३६७३०२ (अध्यक्ष) |

## वडा नं – ३

| क.सं. | दर्ता मिति | दर्ता नं | टोल विकास संस्थाको नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | २०७५।०२।०७ | २५ | शान्ती टोल विकास संस्था | ९८४१२८६३७(अध्यक्ष) |

## वडा नं – ५

| क.सं. | दर्ता मिति | दर्ता नं | टोल विकास संस्थाको नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | २०७५।०२।०२ | १८ | जनमार्ग टोल विकास संस्था | ९८२४३३७०९२ (अध्यक्ष) |
| २ | २०७५।०२।०८ | २६ | तेलकुडेश्वर शिवालय टोल विकास संस्था | ९८०७०९२३३८(अध्यक्ष) |
| ३ | २०७५।०२।०८ | २७ | पाचकोले केलरी टोल विकास संस्था | ९८१६३२२८११(अध्यक्ष) |
| ४ | २०७५।०२।०८ | २८ | ध्रुवतारा टोल विकास संस्था | ९८१६३५६११३(अध्यक्ष) |

**निर्णय नं. ९:**बेलवारी नगरकार्यपालिकाको कार्यलयका प्रमुख प्रशासकिय अधिकृतलाई टोल बिकास संस्था दर्ता गरी कार्यपालिकाबाट पछि अनुमोदन गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**आ.व. २०७३/०७४ को सडक वोर्ड नेपालको साझेदारीमा संचालन भएको योजना पृथ्वीमार्ग नहर उत्तर खण्ड सडक स्तरोन्नतीको २०७४।१।२५ मा संझौता अवधि समाप्त भएकोमा मिति २०७४।१।२५ देखि २०७४।८।३० सम्मको म्याद थप भई कुल लागत रु.१७०००००।०० सत्र लाख सडक वोर्डले भुक्तानी गर्नु पर्नेमा सडक वोर्डबाट मिति २०७३।११।२१ गते रु. ५१००००।०० पेश्की प्राप्त भएको र मिति २०७४।५।१६ मा बाकी रकम रु. ११,८९,९९९।९९ प्राप्त भएको र मिति २०७४।५।१७ मा प्रथम रनिङ्ग बिलबाट रु. ११,६२,९६७४० भुक्तानी भएको र बाकी रकम रु. ५३७०३२।०० भुक्तानी गर्न मिति २०७४।८।३० देखि लागू हुनेगरी मिति २०७५।२।३० सम्म म्याद थप गर्ने र बाकी रकम भुक्तानी गर्ने निर्णय गरियो ।